बैठक संख्या :

आज मिति २०७६ असार ०९ गते रोजका दिन यस [illegible] गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री गणेश बहादुर खड्काज्यूको अध्यक्षतामा बैठक बसि उपस्थित सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमका प्रस्ताव उपर छलफल गरि निम्नलिखित निर्णय पारित गरियो ।

उपस्थिति

१) अध्यक्ष श्री गणेश बहादुर खड्का

२) उपाध्यक्ष श्री जानकी शाही (रोकाया)

३) सदस्य श्री भरत बहादुर खड्का

४) सदस्य श्री रमेश बहादुर भाडेर

५ सदस्य श्री दिपेन्द्र प्रसाद पाठक

६) सदस्य श्री खगेन्द्र राज ओझा

७) सदस्य श्री उत्तम बहादुर सिंह

८) सदस्य श्री मान ब महायत

९) सदस्य श्री लाल ब विष्ट

१०) सदस्य श्री कमला खड्का

११) सदस्य श्री नन्दा बस्नेत (रोकाया)

१२) सदस्य श्री निर्मला देवी रोकाया

१३) सदस्य श्री ललिता वि.क.

१४) सदस्य श्री माने दमाई

१५) सदस्य श्री बहादुरे ढोली

१६ सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री पदम राज अवस्थी

**अन्य उपस्थिति**

१। प्रशासकीय अधिकृत श्री पद्मानन्द ओझा

२. डम्बर बहादुर भाट (सहायक)

३। विजय राज जोशी (लेखापाल)

४ तेज बहादुर साउँद (क.अ.)

प्रस्तावहरु

१) सार्वजनिक सुनुवाई सम्बन्धमा ।

२) आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८१,स्वीकृत सम्बन्धमा ।

३) स्वीपर सम्बन्धमा ।

४) शारदा माध्यमिक विद्यालय आदर्श २ डोटीमा अक्षयकोष स्थापना कार्यविधि पारित सम्बन्धमा ।

५) बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयन गर्न बस्ती छनौट सम्बन्धमा ।

६) पशु सेवा शाखाको फ्रिज खरिद सम्बन्धमा ।

७) डि.पि.आर.स्वीकृत सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं.१ आदर्श गाउँपालिका अन्तरगत आ.व.२०८१।०८२ को कार्यालयले प्रदान गरेको सेवा प्रवाह सम्बन्धी नागरिकहरुबाट गुनासा,जिज्ञासा आदान प्रदानको लागि यहि मिति २०८२ आषाढ १६ गतेका दिन गाउँपालिकास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम राख्ने निर्णय गरीयो ।

निर्णय नं.२ आदर्श गाउँपालिकाले तयार गरेको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८१, लाई सर्वसम्मत स्वीकृती गरियो ।

निर्णय नं.३ आदर्श गाउँपालिका वडा नं.२ अन्तरगत मौवानगरदह स्वास्थ्य चौकी गाउँपालिकाको केन्द्र बिन्दूमा रहेको र एम.बि.बि.एस.चिकित्सकबाट पनि स्वास्थ्य सेवा प्रवाह भैरहेको अवस्थालाई मध्यनजर गरि उक्त स्वास्थ्य चौकीमा स्वीपर अति आवश्यक भएको हुँदा आदर्श गाउँपालिका वडा नं.१ बस्ने विस्ना खड्कालाई यहि मिति २०८२ आषाढ १० गते लागु हुने गरि स्वीपर पदमा दैनिक ज्यालादारीमा राख्ने निर्णय गरीयो ।

निर्णय नं.४ आदर्श गाउँपालिका वडा नं.२ अन्तरगत शारदा माध्यमिक विद्यालयका पूर्व शिक्षक हाल धनगढी बस्नु हुने डिल्ली राज ओझा तथा दुरपता देवी ओझाको नाममा अक्षयकोष स्थापना सम्बन्धी कार्यविधि पारित गरिदिने भनि विद्यालयबाट निर्णय सहित पत्र प्राप्त हुन आएकोले शारदा मा.वि.मौवानगरदह,डोटीमा स्थापित हुने गरि तयार गरेको डिल्ली राज ओझा तथा दुरपता देवी ओझाको नाममा अक्षयकोष स्थापना सम्बन्धी कार्यविधिलाई पारित गरियो ।

निर्णय नं.५ आदर्श गाउँपालिका अन्तरगत बहुक्षेत्रीय पोषण कार्यक्रम बस्तीस्तरमा कार्यान्वयन गर्नको लागि बस्ती छनौट गर्नु पर्ने प्रावधान भएको हुँदा सो सम्बन्धी उपर्युक्त बस्ती र आवश्यकतालाई महशुस गरि आदर्श गाउँपालिका वडा नं.१ को च्याँसीलाई छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं.६ आदर्श गाउँपालिका अन्तरगत पशु सेवा शाखाको खोप कोल्डस्टोरेज गर्नको लागि फ्रिज खरिद गरिएकोमा उक्त फ्रिजको रकम पशु सेवा शाखाको पशु औषधी खरिद खर्च शिर्षक नं.२७२१३ बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.७ आदर्श गा.पा. ५ अन्तरगत तलारा ढुंगाड झो.पु.र बबिता झो.पु.को डि.पि.आर.स्वीकृत गरि भुक्तानीका लागि सिफारिस गर्ने निर्णय गरियो । साथै आदर्श ४ अन्तरगत दुर्गा मन्दिर देहिमाण्डौ र वडा नं.२ अन्तरगत मौवा नगरदह जलाधाम शिवालय निर्माणको डि.पि.आर.स्वीकृत गरि भुक्तानीका लागि सिफारिस गर्ने निर्णय गरियो ।